**नेपाली** / ***NEPALI***

लागि: सबै विद्यार्थी, संकाय र कर्मचारीहरू
बाट: कुलपति Jennifer L. Mnookin
विषय: कुलपतिको रूपमा मेरो पहिलो दिनमा
मिति: अगस्ट ४, २०२२

आदरणीय विद्यार्थी, संकाय र कर्मचारीहरू,

तपाईंहरूको नयाँ कुलपतिको रूपमा मेरो सबैभन्दा पहिलो दिनमा तपाईंहरूलाई लेख्न र यो भिडियो सन्देश पठाउन पाउँदा म खुसी छु।

मैले शुरू गर्ने क्रममा, गएको नौ वर्षभरी कुलपति Rebecca Blank को नेतृत्वका लागि म मेरो गहन आभार प्रकट गर्न चाहन्छु। वहाँलाई शुभकामना र चाँडै निको हुने सोचहरू पठाउन कृपया मेरो साथ दिनुहोला।

म अन्तरिम कुलपति Karl Scholz लाई पनि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु, जसले यी गर्मी महिनाहरूमा नेतृत्व र विवेक परामर्श प्रदान गर्नुभएको छ। वहाँ यो महान् विश्वविद्यालयको प्रोभोस्टको रूपमा फर्कनुभएपछि वहाँसँग काम गर्न म तयार छु।

यो भिडियो सन्देश हेर्नको साथै, आशा गर्दछु कि दिउँसो २ - ३:३० बजेसम्म *Bascom Hill* मा *Babcock* आइसक्रिम र हेलो भन्न तपाईंहरू मलाई साथ दिनुहुनेछ।

यो एक उत्कृष्ट विश्वविद्यालय हो र म यहाँ हुन पाउँदा हर्षित छु। कुलपतिको रूपमा शुरूका केही महिनाहरूमा, हाम्रा सबैभन्दा ठूला अवसरहरू र चुनौतीहरूलाई अझ गहिरो रूपमा बुझ्नको लागि मेरो ध्यान सुन्ने र सिक्नमा केन्द्रित हुनेछ। मलाई आशा छ कि तपाईंहरू मध्ये धेरैजसोले यो प्रक्रियामा मलाई सहयोग गर्नुहुनेछ।

हाम्रो अर्को अध्यायको महत्वाकांक्षी दृष्टि बनाउन म तपाईंहरूसँग काम गर्न एकदमै तयार छु।

न्यानो स्वागतका लागि धन्यवाद र यदि तपाईं आज क्याम्पसमा हुनुहुन्छ भने, कृपया आइसक्रिमको लागि *Bascom Hill* आउनुहोला।

कुलपति Jennifer L. Mnookin